# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
# टंगाल, काठमाडौं

मिति: २०८०।०२।०३ गते।

## प्रेस विज्ञप्ति

### विषय: आरोपपत्र दायर गरिएको।

सिम्रौनगढ नगरपालिका बारावाट देवापुरमा पोखरी ठेक्का लगाउँदा ७ वटा फर्मको ठेक्का परेकोमा सम्झौता नगरी धरौटी फिर्ता गरेको भन्ने उजुरी निवेदन सम्बन्धमा अनुसन्धान हुँदा **सिम्रौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन प्रमुख प्रशासकीय अधिकृत विश्वराज मरासेनी र लेखा अधिकृत सर्मेन्द्र प्रसाद चौधरीले** सिम्रौनगढ नगरपालिका बाराले सिम्रौनगढ नगरपालिकाबाट आ.व. २०७५/७६ मा देवापुर माछा पोखरी ठेक्कामा ७ वटा फर्मले टेन्डर फर्म भरेकोमा उक्त ठेक्काको सम्झौता नभईकन ठेक्कामा कबोल गर्ने तेश्रो, चौथो, पाँचौं, छैठौं र सातौं फर्मको धरौटी फिर्ता गर्न तोकआदेश गरेको, गोश्वारा भौचर सदर गरी धरौटीबापत रु.९,२२,५००।- सम्झौता हुनु अगाडि नै फिर्ता गरी सिम्रौनगढ नगरपालिकालाई हानिनोक्सानी पुऱ्याएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसुरमा रु.९,२२,५००।- (नौ लाख बाइस हजार पाँच सय रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा १७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कैद र बिगोबमोजिम जरिवाना गरी ऐ. ऐनको दफा १७ बमोजिम हानिनोक्सानी गरेको रकम निजहरुबाट असुल उपर हुन साथै **सिम्रौनगढ नगरपालिका नगर कार्यपालिकाको कार्यालयका तत्कालीन निमित्त प्रमुख प्रशासकीय अधिकृत हरिओम प्रसाद जयसवालले** पुनः देवापुर पोखरी ठेक्काको सूचना प्रकाशन गरेको र सो देवापुर पोखरी ठेक्काको लागि पुनः सूचना प्रकाशन गर्दा सार्वजनिक पोखरी संरक्षण समितिको सिफारिस तथा नगरप्रमुखको तोकआदेश समेतका आधारमा ठेक्काको सूचनामा न्यूनतम कबोल अङ्क शुरुको ठेक्काको रकमलाई कुनै पनि सिफारिस तथा निर्णयसमेतको अनदेखा गरी आफूखुसी घटाई एकल निर्णय गरी ठेक्काको न्यूनतम अंक पहिलेको भन्दा आफुखुसी रुपमा घटाई सिम्रौनगढ नगरपालिकालाई रु.९,९५,०००।- घटी राजस्व असुल गरी राजस्व चुहावट गर्ने कार्य गरेकोले निजको उक्त कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (क) बमोजिमको कसुर भएको हुँदा निजलाई रु.९,९५,०००।- (नौ लाख पन्चानब्बे हजार रुपैयाँ) बिगो कायम गरी सोही ऐनको दफा ७ ले निर्देश गरेबमोजिम भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) र दफा ३ को उपदफा (१) को देहाय खण्ड (ङ) बमोजिम कैद सजाय गरी ऐ. ऐनको दफा ७ बमोजिम चुहावट भएको राजस्व रकम रु.९,९५,०००।- को दोब्बर जरिवाना हुन समेतको मागदाबी लिई आज बिशेष अदालत, काठमाडौंमा आरोपपत्र दायर गरिएको छ।

प्रवक्ता
भोला दाहाल